जि. प्रशा.का.,बारा,द.नं.: ६४/०७२/०७३
जि. हुलाक का.,बारा,द.नं.: १०/०७२/०७३

सत्य, तथ्य र निष्पक्ष सामाचारका लागि

# साझेदारी

राष्ट्रिय दैनिक

SAJHEDARI NATIONAL DAILY

इ-पेपर हेर्नका लागि

वर्ष : १० ☯ अंक : २५ ☯ २०८१ साल साउन २५ गते, शुक्रवार ☯ Friday 09, Aug. 2024 ☯ मूल्य र. ५/- ☯ पृष्ठ : ४

## करेन्ट लागेर प्रहरी जवान यादव गम्भीर घाईते

तस्वीर: साझेदारी



प्रादेशिक अस्पताल कलैयामा उपचारको क्रममा प्रहरी जवान यादव ।

*साझेदारी संवाददाता*
*कलैया, २४ साउन*

कलैयामा विद्युतीय तार चुँडिदा प्रहरी जवान सन्देश यादव बिहीबार गम्भीर घाइते भएका छन् । उनी देवताल गाउँपालिका वा नम्बर ६ निवासी हुन्।

कलैया वडा नम्बर १ अवस्थित भरत चोक नजिकै रहेको शौचालय नजिक चापाकलमा पानी पिउने क्रममा खुट्टा चिप्लिएर विद्युतीय तार छुन पुगेका हुन् । पोलको नाङ्गो

बाक्की तेस्रो पृष्ठमा

## वीरगञ्ज भन्सारद्वारा गत आर्थिक बर्ष ०८०/८१ मा लक्ष्य भन्दा ३६ प्रतिशतकम राजश्व संकलन

*राम मण्डल*
*वीरगञ्ज, २४ साउन*

देशकै मुख्य भन्सार नाका वीरगञ्ज भन्सार कार्यालयले गतआर्थिक बर्षमापनिलक्ष्यअनुसारको राजश्व सँलकन गर्न असफल भएको छ ।

आर्थिक नगरी वीरगञ्जमा रहेको यो भन्सार कार्यालयले गतआर्थिक बर्ष ०८०/८१ माभन्सार बिभागबाट पाएको लक्ष्य अनुसारको राजश्व संकलन गर्न नसकेको हो ।बितेको आवमा वीरगञ्ज भन्सार कार्यालयले एक खर्ब ५७ अर्ब ४० करोड ३१ लाख २८ हजार मात्रै राजश्व संकलन गर्न सकेको छ ।जुनबिभागले भन्सारलाई दिएको लक्ष्यभन्दाकमहो ।

गत आबमा वीरगञ्ज भन्सालाई भन्सार बिभागले २ खर्ब ४५ अर्ब ८८ करोड ५० लाख ८२ हजार रुपैयाँ राजस्व संकलनको लक्ष्य दिएको थियो ।तर त्यो लक्ष्य अनुसारको राजश्व वीरगञ्ज भन्सार कार्यालयले राजश्व उठाउन नसकेको हो ।वीरगञ्ज भन्सार कार्यालउ उठाएको राजश्व रकमलाइ भन्दा ३६ प्रतिशतले कमहो । अर्थात भन्सारलेगतआ.ब.जम्मा ६४ प्रतिशत मात्रै राजश्व उठाउन सकेको छ ।

वीरगञ्ज भन्सार कार्यालयले गत आवको बाह्रै महिनामा कुनै पनि महिनामा भन्सार बिभागबाट पाएको लक्ष्य अनुसारको राजश्व संकलन गर्न सकेको छैन । गत आवमा सबै भन्दा बढी ०८१ को असार महिनामा लक्ष्यको



वीरगञ्ज भन्सार । तस्वीर: साझेदारी

७३ प्रतिशत राजश्व वीरगञ्ज भन्सारले संकलन गरेको थियो ।

यस्तै सबै भन्दा कम ०८० साल कार्तिक महिनामा ५०.५३ प्रतिशत राजश्व भन्सारले गरेको थियो ।वीरगञ्ज भन्सार नाकाबाट मुख्य रुपमा डिजेल, मटितेल, एलपीग्याँस लगायत पेट्रोलियम पदार्थ, औधोगिक कच्चा पदार्थ, जिप कारा भ्यान लगायतका सामानहरु आयात हुने गरेका छन ।

गत आवमा नाकाबाट औधोगि ककच्चा पदार्थको आयातमा कमि आएका कारणले लक्ष्य अनुसारको राजश्व असुली गर्न नसकिएको वीरगञ्ज भन्सार कार्यालयका सुचना अधिकारी रघुलाल कर्णले जानकारी दिए ।

भन्सार नाकाबाट औधोगिक कच्चा पदार्थ, पेट्रोलियम पदार्थ, एलपिग्याँस, जिप कार भ्यान, मोटरसाईकल, कच्चपाम तेल, एम एस स्टिल सिट,एम एस बिलेट लगायतका बस्तुहरु मुख्य रुपमा आयात हुने गर्दछ । यस्तै नेपालबाट भारत तथा तेस्रो मुलुकहरुमा प्रशोधित पाम तेल, भटमासको तेल प्रशोधित,फलफुलको जुस, जमोठ कपडा, वत्तीसा त्रिफला, कबाजहहरु निर्यात हुदै आएका छन ।

वीरगञ्ज भन्सार कार्यालयले अघिल्लो आर्थिक वर्ष ०७९/०८० मा पनि भन्सार बिभागबाट पाएको राजस्व संकलनको लक्ष्य पूरा गर्न असफल भएको थियो ।

यस आँकडा अनुसार बितेको दुई आर्थिक बर्षमा वीरगञ्ज भन्सार कार्यालयले भन्सार बिभागबाट पाएको लक्ष्य अनुसारको राजश्व उठाउन नसकेको हो ।

## नेपाल प्रहरी श्रीमती संघको स्थापना दिवसमा अमृता अनाथ आश्रममा राहत सामाग्री

*साझेदारी संवाददाता*
*कलैया, २४ साउन*

बारा प्रहरीले नेपाल प्रहरी श्रीमती संघको ४० औं बार्षिकित्सवको अवसरमा अमृता अनाथ आश्रममा राहत सामाग्री वितरण गरेको छ ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत नेपाल प्रहरी श्रीमती संघको ४० औं बार्षिकित्सवको अवसरमा जिल्ला प्रहरी कार्यलय बाराले एक कार्यक्रमको आयोजना गरी सो सामाग्री वितरण गरेको हो । कलैया उप-महानगरपालिका वडा नम्बर ४ स्थित अमृता अनाथ आश्रममा बिहिवार एक कार्यक्रम बिच उसले राहत सामाग्री वितरण गरेको हो ।

अमृता अनाथ आश्रमका संयोजक फुलमती बसनेतको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि जिल्ला प्रहरी कार्यालय बाराका



अमृता अनाथाश्रममा सामाग्री प्रदान गरिदै । तस्वीर: साझेदारी

सूचना अधिकारी एवम् प्रहरी नायव उपरीक्षक प्रकाश सापकोटाले २० जना अनाथ बालबालिकाहरुलाई राहत सामाग्री वितरण गरेका हुन् ।

सो राहत सामाग्री वितरण कार्यक्रममा तीन सय किलो चामल,दाल-१००किलोग्राम चना-५० किलोग्राम,चिनी-५० किलोग्राम, पिठो-१०० किलोग्राम, स्याउ-२० किलोग्राम, केरा-२५ दर्जन र आँप-४० किलोग्राम

बाक्की तेस्रो पृष्ठमा

## मधेश प्रदेशमै उत्कृष्ट ,ए प्लस ल्याउनेलाई विद्यालयले दियो जनही तीस हजार नगद पुरष्कार

*रञ्जन यादब*
*जीतपुर, २४ साउन*

बाराको जीतपुर सिमरा उपमहानगरपालिकाको सिमरामा रहेको एसपीईएस बोर्डिंग स्कुलले कक्षा १२ को परीक्षामा मधेश प्रदेशमै उत्कृष्ट गर्ने सहित ए प्लस ल्याउनेलाई नगद पुरष्कार दिएको छ ।

उसले १४ जना बिद्यार्थीहरुलाई जनही रु ३० हजारको दरले पुरस्कार बितरण गरेको छ । राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको कक्षा १२ को परीक्षाको नतिजामा अक्षरांकन (जि.पि.ए.) पद्धतिअनुसार ए प्लस ल्याउँने बिद्यार्थीहरुलाई सो बराबरको रकम प्रदान गरिएको एस.पि.ई.एसले जनाएको छ। उनीहरुको प्रोत्साहनका लागि विद्यालयले विहीबार बधाई तथा पुरस्कार वितरण कार्यकमको




विद्यार्थिलाई सम्मान गर्दै विद्यालय । तस्वीर: साझेदारी

आयोजना गरेको थियो । सिमरा पब्लिक ईङ्गलिस स्कुल (एसपीईएस )का कक्षा ११ र १२ का संयोजक सुमन भट्टराईले ए प्लस ग्रेड ल्याउने १४ जना विद्यार्थीलाई ३० हजारका दरले नगद उपलब्ध गराइएको जानकारी दिए । विद्यार्थीलाई सफल मात्र होइन असल बनेर समाज र राष्ट्रको सुयोग्य

बाक्की तेस्रो पृष्ठमा

एक= आपसमा भेदभाव नगरौं, धार्मिक, सास्कृतिक, सहिष्णुता कायम राखौं ।
महागढीमाई नगरपालिकाको कार्यालय, बरियारपुर बाराषारा जनहितमा जारी सन्देश

साझेदारी
राष्ट्रिय दैनिक
SAJHEDARI NATIONAL DAILY
Friday 09, Aug. 2024


## साझेदारी राष्ट्रिय दैनिकका लागि

प्रकाशक/सम्पादक : श्यामबाबु प्रसाद यादव -९८५५०४५०८०
सह सम्पादक : सन्तोष पाण्डे -९८५५०४५९९०
उप-सम्पादक : गणेशराज रिजाल-९८५५०२४९५५
उप-सम्पादक : वसन्त खतिवडा -९८४५०९२५२४
लेआउट डिजाइनर : म.जुनेद हवारी :-९८०७२४८०११
कानूनी सल्लाहकार : प्रमहंस प्र.केशरी, श्यामबिहारी कुशवाहा र नरेश चौधरी
मुद्रक : पौडेल अफसेट प्रेस, वीरगञ्ज
प्रधान कार्यालय : कलैया-१, राजदेवी टोल, बारा
सम्पर्क फोन : ०५३-५५१०४७, मो.नं.९८०९१९१३००
Email : sajhedari.daily@gmail/com, shyam.bara@gmail/com
facebooak : साझेदारी राष्टिय दैनिक, साझेदारी दैनिक
twitter : @sajhedaridaily, YouTube : sajhedari daily
online : www.sajhedaridaily.com


## सम्पादकीय.....

# लागु पदार्थको कारोबारीलाई कडा सजाय आवश्यक

नेपालमा लागु पदार्थको एक व्यवस्थित कारोबार भइरहेको छ। यहाँ लागु औषध सेवनकर्ता बढिरहेका छन्। साथै व्यवसाय यस्को बढीरहेको छ। मानिस पनि पक्राउ परिरहेका छन्। यस्को क्रम बढेको छ। यो हुनुको मुख्य कारण यहाँ लागु पदार्थ सेवनको परम्परा रहेको छ। लागु पदार्थको सेवन गर्नेहरु देखि मादक पदार्थ सेवन गर्नेहरु उल्लेखनीय रहेका छन्। यस्ता सेवनकर्ताहरुको कारण परिवार समस्यामा रहेको छ। जब मानिस सेवनकर्ता बन्छन्, उनीहरुलाई यो पदार्थ नभई हुदैन। यस्तो पदार्थको मूल्य पनि धेरै हुन्छ। बानी परेका मानिसलाई नभइ नहुने भएकोले मानिसले धन सम्पति बेचेर यसतो पदार्थको सेवन गर्छन। पछि सबै सकिएपछि यस्ता मानिसहरु यस्ता पदार्थको ओसार पसारमा संलग्न हुन्छन्। पछि चोरीमा फस्छन्। अनि अपराधकर्ममा समेत यस्ता मानिस फस्न सक्छन्। लागु पदार्थले देशमा ठूलो समस्या उत्पन्न गरेको छ।

नेपालबाट लागु औषधको रुपमा गाँजा चरेश भारतमा जान्छ। अनि भारत तथा तेस्रो देशबाट हेरोइन् तथा नियन्त्रित औषधि आउँछ। यसमा ठूलो गिरोह सक्रिय रहेको छ। यो गिरोहले ओसार पसार गर्छ। अनि गिरोहले यसलाई सेवनकर्ता समक्ष पुऱ्याउँछ। यो निरन्तर भइरहेको छ। वर्षेनी हजारौ मानिस पक्राउ परेपनि यो रुकेको छैन। यो जारी रहेको छ। पाँच किलो गाँजा सहित पर्सा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।गाँजासहित पर्सा सखुवा प्रसौनी गाउँपालिका( ५ सोलखपुरबाट ना ३८ प १८२५ नम्बरको मोटरसाईकलमा आएको दुई जनालाई प्रहरीले पक्राउ गरेको हो। पर्सा पर्सागढी नगरपालिका( ७ बस्ने ३३ वर्षीय बालेश्वरप्रसाद यादव, सोही स्थान बस्ने ५५ वर्षीय देबेन्द्र यादवको साथबाट साढे दुई केजी गरि पाँच केजी गाँजा बरामद गरेको हो।

गाँजा सहित मानिस पक्राउ पर्नु साधारण कुरा हो। नेपालको महाभारत तथा चुरे शिवालिक पहाडी श्रृंखलामा यस्को खेती हुन्छ। साथै हरेक जिल्लाको जंगलभित्र, मकैको खेत भित्र, उखुको खेत भित्र यस्को चोरी छिपि खेती हुन्छ। खेती भएपछि यस्को खपत हुन्छ। अनि तस्करी हुन्छ। यो सामान्य झै हो। बजार भएर नै यस्को खेती भइरहेको हो। यस्कोसेवनकर्तामा कमी छैन। कतिपय देशमा यस्को खेती गर्न कानुन अनुसार छुट छ। अमेरिकाको दुई वटा राज्यमा यस्को खेती गर्न छुट छ। यस्को औषधीय गुणको कारण यस्को खेती कानुनको अनुमति लिएर कतिपय देशमा गर्न सकिन्छ। यसलाई बन्द नै गर्ने हो भने कारोबारी मात्र होइन खेती गर्नेलाई कानुनी दायरामा ल्याउनु पर्छ। कडा कानुनी सजायको व्यवस्था गर्न आवश्यक रहेको छ।

# आयुर्वेद प्रतिष्ठानको आवश्यक छ

*काठमाडौँ, २४ साउन*

आयुर्वेद संसारकै पुरानो चिकित्सा पद्धति हो। पूर्वीय दर्शनमा आधारित यो पद्धति अहिले पनि उत्तिकै सान्दर्भिक र भरपर्दो छ। आयुर्वेद क्षेत्रको उन्नयनका लागि गरिनुपर्ने कामहरू लामो समयदेखि रोकिएको छ। स्वास्थ्यको क्षेत्रमा सबैभन्दा पुरानो विधा आयुर्वेद हो। आयुर्वेदपछि अन्य विधाहरू पनि यसमा संलग्न हुन आए। नेपालको सन्दर्भमा पनि जेठो स्वास्थ्य संस्थाका रूपमा सिंहदरबार वैद्यखानालाई लिन सकिन्छ। राजा प्रताप मल्लको पालामा स्थापना भएको यो संस्था दक्षिण पूर्व एसियाकै पुरानो संस्था हो।

नेपालमा शिक्षा दिने संस्थाका रूपमा त्रिभुवन विश्वविद्यालय अन्तर्गतको आयुर्वेद क्याम्पस कीर्तिपुरमा छ। आयुर्वेदका विधाहरूलाई ७७ वटा जिल्लामा सञ्चालन गर्न आयुर्वेद विभाग छ। चिकित्साका लागि केन्द्रीय चिकित्सालयका रूपमा आयुर्वेद चिकित्सालय नरदेवीमा छ। यी सबै संस्थाहरू जुन रूपमा चल्नुपर्ने हो, त्यो चलेको अनुभूति गर्न पाइएको छैन। यसो हुनुको मुख्य कारण आयुर्वेद क्षेत्रमा राजनीतिक हस्तक्षेप धेरै हुनु हो। दुई/चार महिनामै मन्त्री फेरिने र यसले योग्यभन्दा पनि आफ्नो कार्यकर्तालाई ती निकायहरूको जिम्मेवारी दिने प्रवृत्तिले संस्थाहरू दिन प्रतिदिन धराशयी बन्दै गएका छन्।

आयुर्वेद शिक्षा २०२९ सालभन्दा अगाडि नेपाल सरकारबाट सञ्चालित हुँदाखेरि पूर्वमध्यमा, शास्त्री र आयुर्वेदाचार्यसम्मको पठनपाठन नरदेवीमा नै भएको थियो। विसं २०२९ मा नयाँ शिक्षा ऐन लागू भएपछि इन्स्टिच्युट अफ मेडिसिनअन्तर्गत आयुर्वेदलाई पनि लिएर जाने भनेर नीति ल्याइयो। जुन इन्स्टिच्युट अफ मेडिसिन २०२९ सालमा बनेपछि आचार्यसम्म भएको पठनपाठनलाई तल झारियो। आयुर्वेदको एउटा मात्रै विधा नरदेवीमा कायम राखियो भने एलोपेथीको विधा महाराजगञ्जमा सारियो। त्यो बेला आयुर्वेदतर्फ आयुर्वेद तथा जनरल मेडिसिन, एलोपेथीको जनरल मेडिसिन, फार्मेसी, रेडियोग्राफी, नर्सिङसहितका पाँचवटा विधा थियो।

एलोपेथीतिर अहिले एमबिबिएस गरेपछि पिजी, एमडी, एमएस, डिएमसम्म २९ वटा विधा छन्। आयुर्वेदमा बिएएमएस गरिसकेपछि २२ वटा विधामा एमडी गर्न सकिने व्यवस्था छ तर अहिले काया चिकित्सा भन्ने विषयमा मात्रै एमडी छ। अरू त्यहाँ पठनपाठन छैन। आयुर्वेदमा अन्य विधाहरू सञ्चालन गर्न हामीले निकै प्रयत्न गरियो। नेपालमा आयुर्वेदको जनशक्ति आवश्यकता भए पनि नीतिगत रूपमा नै त्रिभुवन विश्वविद्यालय र नेपाल सरकारले यसका अन्य विधाहरू ल्याउन सकेन।

नेपाल यति धनी देश हो, जसको समायोजन र व्यवस्थापन राजनीतिक रूपमा हुन सकेन। नेपालमा हिमाल, पहाड तराईमा हुने जडीबुटीहरू प्रशस्त छन्। वनसँग समन्वय गरेर ती जडीबुटीबाट हामीले नेपालभित्रै उद्योगहरू बनाएर आयुर्वेदिक औषधि उत्पादन गर्न सक्छौँ। यसका लागि सबैभन्दा पहिला शिक्षा आवश्यक पर्छ।

राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनमा पठनपाठन, आयुर्वेद अनुसन्धान, जडीबुटी उत्पादन तथा औषधि निर्माण, शिक्षण चिकित्सालयको पठनपाठन, व्यवस्थापन गर्ने एउटा अध्ययन संस्थानको स्थापना गर्नुपर्छ भन्ने उल्लेख छ। उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ मा प्राडा बल्लवमणि दाहालको संयोजकत्वमा गठन गरिएको समितिले बुझाएको प्रतिवेदनमा शिक्षा कस्तो हुने भन्ने विषयमा उल्लेख गर्दै आयुर्वेद चिकित्सालयका लागि आवश्यकमध्ये दक्ष र कर्तव्यनिष्ठ विभिन्न स्तरको जनशक्ति उत्पादन गर्न त्रिभुवन विश्वविद्यालयमा तत्कालै र जडीबुटीलाई व्यवस्थित, मर्यादित र आयआर्जन गर्नका लागि अरू क्षेत्रबाट पनि गर्न सकिने प्रावधान राखिएको थियो। त्यसैको आधारमा स्वास्थ्य मन्त्रालयले वीर अस्पताल प्रतिष्ठान र आयुर्वेद प्रतिष्ठान पनि चाहिन्छ भनेर सुरु गरेको कुरा हो।

सो प्रतिवेदनले आयुर्वेद शिक्षालाई नेपालको जडीबुटीलाई व्यवस्थापन गर्नका लागि इन्स्टिच्युट अफ आयुर्वेदको अवधारणा ल्याएर जाने, इन्स्टिच्युट अफ मेडिसिनले यसलाई समेट्न सकेन भनेर प्रतिवेदनमा उल्लेख गरेको थियो। हामी आयुर्वेद चिकित्सक सङ्घमा रहँदा पनि त्यो विषयलाई जोडतोडका साथ उठायौँ विसं २०५० मा प्राध्यापक डा एलएम (लोकेन्द्रमान) सिंहको संयोजकत्वमा कमिटी बन्यो र त्यो कमिटीले दिएको प्रतिवेदनमा राष्ट्रिय आयुर्वेद चिकित्सा पद्धति भनेर नीति दिएको थियो। त्यो नीति एक/डेढ वर्ष त्यतिकै थन्कियो। पछि २०५१ सालमा फेरि सरकार परिवर्तन भएर आएपछि पास भयो।

तत्कालीन स्वास्थ्यमन्त्री अर्जुननरसिंह केसीको कार्यकालमा आएको नीतिमा सर्वप्रथम शिक्षाको उन्नयनका लागि इन्स्टिच्युट अफ आयुर्वेद बनाउने भनेर लेखिएको छ। पहिले त्रिभुवन विश्वविद्यालयअन्तर्गत बनाउने अनि त्यो सम्पन्न भएपछि दोस्रोमा नेपाल संस्कृत विश्वविद्यालयमा पनि इन्स्टिच्युट अफ आयुर्वेद बनाउने भनेर त्यो नीतिमा स्पष्टरूपमा लेखिएको छ। नेपाल संस्कृत विश्वविद्यालयको इन्स्टिच्युट अफ आयुर्वेद भयो तर त्यहाँ जनशक्तिको अभाव देखियो। अनि त्यो पारित भएको नीतिमा काउन्सिलको कुराहरू छन्। चिकित्सक सङ्घले परिषद् गठन गर्न र नीतिहरू पूरा गर्न दबाब दिएपछि परिषद् गठन भयो। परिषद् आएपछि अहिले पनि परिषद् मौजुदा छ। हामी आयुर्वेदको चिकित्सकहरूको दर्ता पनि त्यही परिषद्मा हुन्छ। त्यो समयमा अति मेहनत गरेपछि परिषद् आयो र अहिले आयुर्वेद चिकित्सकहरूको दर्ता प्रक्रिया चलिरहेको छ।

त्यस्तै, इन्स्टिच्युट अफ आयुर्वेद नबनेसम्म जनशक्ति पूरा हुँदैन भन्ने हिसाबले लागिरह्यौँ तर आयुर्वेद क्याम्पस प्रशासन जसरी लाग्नुपर्ने हो, त्यसरी लाग्न सकेन। त्रिभुवन विश्वविद्यालयमा प्रा तीर्थ खनियाँ उपकुलपति भएर आएपछि उहाँलाई इन्स्टिच्युट अफ आयुर्वेद गठन गर्न दबाब दियौँ। त्यो बेला प्रधानमन्त्री केपी शर्मा ओली र शिक्षामन्त्री गिरिराजमणि पोखरेल हुनुहुन्थ्यो। उहाँहरूले मेरो आफ्नै संयोजकत्वमा कमिटी गठन गर्नुभयो। कमिटीले बुझाएको प्रतिवेदनमा आयुर्वेदमा पनि २२ वटा विषयमा विशेषज्ञता हासिल गर्न सकिन्छ भन्ने विषय उल्लेख थियो। काया चिकित्सा (जनरल मेडिसिन आयुर्वेद), पञ्चकर्म (स्वधन चिकित्सा आयुर्वेद), सल्य चिकित्सा (सर्जरी आयुर्वेद), सालक्य मुख तथा दन्त रोग, कौमारभृत्य (बाल रोग आयुर्वेद), स्त्री प्रसूति, मनोविज्ञान एवम् मानसरोग ( साइक्याट्रिक आयुर्वेद), रोग निदान एवम् विकृति विज्ञान (ल्याब आयुर्वेद), अगततन्त्र एवम् व्यवहार आयुर्वेद, द्रव्यगुण विज्ञान, रसशास्त्र, भैसज्य कल्पना (फार्मेसी), स्वस्थवृत ( प्रिभेन्टिभ मेडिसिन आयुर्वेद), शरीर रचना (एनाटोमी आयुर्वेद) आदि गरी २२ वटा विषयको विशेषज्ञता हासिल गर्न सकिने भनेर प्रतिवेदनमा उल्लेख गरेको छ।

त्यो प्रतिवेदन पारित भएर त्रिभुवन विश्वविद्यालयको सिनेटमा गएपछि त्यसबेलाको शिक्षामन्त्री गिरिराजमणि पोखरेलसँग भेटेर कुरा राख्यौँ। त्यतिबेला उहाँले योगमाया आयुर्वेद विश्वविद्यालय बनाउने क्रममा रहेको बताउनुभयो। योगमाया आयुर्वेद विश्वविद्यालयका लागि पनि जनशक्ति पनि चाहिन्छ र त्यो जनशक्ति एकदिनमै तयार नहुने हुँदा आयुर्वेद क्याम्पसले यता तयार गर्दै जान सकिने हाम्रो सुझाव थियो। आयुर्वेदभन्दा बाहिरका आफ्ना गोजीका व्यक्तिलाई समिति र संयोजक बनाएका कारण अहिलेसम्म आयुर्वेद विश्वविद्यालय बन्ने योजना त्यतिकै थन्किन पुग्यो।

आयुर्वेदको शिक्षाको नियोजन गरेर कसैलाई पनि फाइदा भएको छैन। अहिले आयुर्वेदमा पनि २२ वटा विषयमा विशेषज्ञता छ र आयुर्वेद परिषद्मा पनि विभिन्न १५ वटा विषयका आयुर्वेद चिकित्सहरू दर्ता भएर कार्यरत छन्। ती सबै विषयको अध्ययन यहाँ नेपालमा छैन। नेपालमा बिएएमएस र काया चिकित्सामा एमडी आयुर्वेदको पढाइ भएको छ। बाँकी विषयमा बाहिर गएर पढेर आएर यहाँ दर्ता भएका छन्। म आयुर्वेद परिषद्को पनि अध्यक्ष र आयुर्वेद क्याम्पसको विभागीय प्रमुखको साथै आयुर्वेद क्याम्पस सञ्चालक समितिको अध्यक्ष रहेको बेला भारतलाई पत्र लेखेर हाम्रो कोर्षलाई आधिकारिता प्रदान गरिदेऊ, हाम्रा विद्यार्थीले पढ्न पाएनन् भन्यौँ। काउन्सिलले पत्र लेखेपछि डिन कार्यालयले भारत सरकार र काउन्सिललाई पत्र पठायो। आयुर्वेदप्रति भारत पनि सकारात्मक भएको कारणले अहिले आयुर्वेदको १५ विषयमा पिजी गर्ने व्यवस्था भारतमा छ र त्यहाँ पढेर आएपछि यहाँ दर्ता पनि छन् तर त्यो चीज हामीले यहाँ किन गर्न नसक्ने ? त्यसो भएको हुँदा यो विषयलाई उठान गर्नुपर्‍यो भन्ने लागेको हो।

अहिले विशेष गरेर क्याम्पसले यस विषयलाई उठान गरेर लिएर जानसक्ने अवस्था र वातावरण देखिँदैन। यतिबेला आयुर्वेद क्याम्पस प्राध्यापकविहीन छ। यहाँ भएका प्राध्यापकहरू सेवानिवृत्त भए। अब अहिले त्यहाँ भएका जनशक्ति राजनीतिक दलका कार्यकर्ता जस्ता भएका छन्। सबैले आफू अमुक दलका हो भनेर जाने गरेका छन्। शैक्षिक क्षेत्रमा त्यसरी राजनीतिक कार्यकर्ता भएर चल्दैन। शैक्षिक रूपमा तटस्थ भएर काम गर्नुपर्ने हुन्छ। २०५९/६० सालतिर इन्स्टिच्युट अफ आयुर्वेद हुन नसक्ने अवस्थामा हामीले यता वीर अस्पताल प्रतिष्ठान बन्न सक्छ भने आयुर्वेद प्रतिष्ठान किन नबन्ने भन्ने अवस्थामा मन्त्रालयमा कुरा उठिसकेपछि मन्त्रालयले एउटा प्रस्तावना राष्ट्रिय आयुर्वेद प्रतिष्ठानको अवधारणाको लेख्नका लागि तयारी गर्‍यो।

प्रस्तावना लेखियो, तयार पनि भयो, त्यसलाई पास पनि गरियो। आयुर्वेद प्रतिष्ठान खोल्ने भनी आधिकारिक निर्णय पनि भयो तर त्यो थन्किएर बस्यो। नरदेवी आयुर्वेदिक चिकित्सालयमा राख्ने गरी निर्णय पनि भएको थियो। किनभने प्रतिष्ठान बनाउनका लागि अस्पताल आवश्यक पर्छ, त्यसैले नरदेवीमा राख्ने निर्णय पनि भयो। त्यसको समन्वय आयुर्वेद क्याम्पस, आयुर्वेद रिसर्च सेन्टर, सिंहदरबार वैद्यखानासँग गर्ने भन्ने अवधारणामा त्यसलाई पास गरियो तर कार्यान्वनमा आएको छैन। जनशक्ति पनि नेपालका लागि आवश्यक छ। यसका लागि धेरै ठूलो भौतिक पूर्वाधारको निर्माणतर्फ पनि जानु पर्दैन।

वीर अस्पतालको पूर्वाधारलाई लिएर प्रतिष्ठान बनेको छ। जुम्ला, पोखरा, धरानलगायत धेरै ठाउँमा यस्ता प्रतिष्ठानहरू बनेका छन्। त्यही अभ्यासका आधारमा आयुर्वेदको दक्ष जनशक्ति तयार गर्नका लागि आयुर्वेदका सबै क्षेत्रलाई लिएर आयुर्वेद प्रतिष्ठान स्थापना गरेर अगाडि बढ्न आवश्यक छ। अहिले कुनै दाग नलागेको र धेरैले आशा गरेको व्यक्ति प्रदीप पौडेल स्वास्थ्यमन्त्री बन्नुभएको छ। उहाँले यसतर्फ ध्यान दिएर मुलुकलाई फाइदा पुग्ने निर्णय गर्नुहुनेछ भन्ने विश्वास धेरैको छ। त्यसका लागि जस्तोसुकै सहयोग गर्न तयार छौँ। अहिलेको मौजुदा जनशक्तिबाट पनि यो काम गर्न सम्भव छ।

आयुर्वेद शिक्षाकै कुरा गर्दा योगमाया आयुर्वेद विश्वविद्यालय बनाउने कुरा पनि त्यतिकै सेलाएर गरेको छ। भारतमा स्वास्थ्यलाई चाहिने जनशक्ति स्वास्थ्यले नै तयार गरेको छ। आयुर्वेद विभागले पनि आयुर्वेदतर्फको जनशक्ति सबै जिल्लामा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र छन्, प्रत्येक पालिकामा आयुर्वेद औषधालयहरू राख्ने कार्यक्रम थियो। ती ठाउँमा पनि जनशक्ति राख्नुपर्ने हुन्छ। प्रतिष्ठान सञ्चालनका लागि आयुर्वेद विभागले पनि यसलाई पहल गर्नुपर्ने आवश्यकता छ। आयुर्वेदमा दक्ष जनशक्ति नभई सेवा हुँदैन।

अर्को पाटो सिंहदरबार वैद्यखानाको छ। नेपालको जडीबुटीहरू नेपालमै उद्योग स्थापना गरेर जानुपर्ने हुन्थ्यो। वैद्यखानामा समिति भएर काम हुँदा त्यसले जति राम्रो काम गर्‍यो त्यहाँ बाहिरबाट मान्छे खोजेर लिएर जाँदाखेरि त्यो काम गर्न सकेन। यस्ता ठाउँहरूमा विज्ञ व्यक्ति पठाउनुपर्छ, मन्त्रीको गोजीबाट पठाउने होइन। विषय विज्ञलाई उसको कार्यकालसम्म राजनीतिक हस्तक्षेप नगरी उसको कार्यकुशलता देखाउने अवस्था सिर्जना गर्नुपर्छ। त्यहाँ भएका उपकरण खिया लागेर गइसके, अहिले औषधि बन्दैन। सिंहदरबार वैद्यखाना हाम्रो इतिहास हो, दक्षिण पूर्वी एसियाको जेठो संस्था हो। झन्डै तीन सय ७५ वर्षभन्दा पुरानो संस्था हो। यो संस्थाको साख राख्न

बाक्की तेस्रो पृष्ठमा

फरक= फरक धर्म संस्कृति हाम्रो समस्या होइन, सम्पत्ति हो।
कोल्हवी नगरपालिकाको कार्यालय, कोल्हवी बारा बारा जनहितमा जारी सन्देश

# गढीमाई साझेदारी वनको सार्वजनिक सुनुवाई पथलैयामा सम्पन्न

*रञ्जन यादव*
*पथलैया, २४ साउन*

बाराको गढीमाई साझेदारी बनको दिगो बन ब्यवस्थापन योजनाहरु लगु भएमा सामाजिक ,आर्थिक र बाताबरणीय हिसाबले सकरात्मक प्रभाव पर्ने ,बन ब्यवस्थापन भई उपभोक्ता समुहको आवश्यक्ता पुरा हुने प्रशस्त रोजगारी सृजना हुने ,बन पैदवार आपुर्ति हुने साथै बनको हैसियतले सुधार हो, निर्णय सर्बसम्मत रुपमा भएको छ ।


*कार्यक्रममा सहभागिहरु ।* *तस्वीरः साझेदारी*

कार्ययोजनाको लागि आवश्यक पर्ने प्रारम्भिक बाताबरणीय परिक्षण ( आई.ई.ई.) प्रतिबेदनको सार्बजनिक सुनुवाई कार्यक्रम पथलैयामा सम्पन्न भएको छ ।

साझेदारी बनको सभा हलमा भएको कार्यक्रममा सरोकारवाला ब्यक्तिहरुको उपस्थिती रहेको थियो । सार्बजनिक सुनुवाईबाट प्रस्ताबित

कार्यक्रममा गढीमाई साझेदारी बन उपभोक्ता समुह पथलैयाका सदस्य सचिव तथा बन अधिकृत ललन राउतले गढीमाई साझेदारी बन ब्यवस्थापन कार्य योजनाको सारांश प्रस्तुत गर्नुभएको थिया । गढीमाई साझेदारी बनका अध्यक्ष रामएकबाल साह तेलीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन बन अधिकृत राउतले गरेका थिए । कार्यक्रममा प्रसौनी गाउँपालिकाको अध्यक्ष बिनोद जैसवाल ,बिश्रामपुर गाउँपालिकाका अध्यक्ष जुल्फाकर अलि भुट्टो ,जीतपुरसिमरा उपमहानगरपालिकाको प्रतिनिधि वडा अध्यक्ष शिवशंकर महत्तो लगायत सुरक्षा निकाय र सरोकारवालाहरुको उपस्थित रहेको थियो ।

# अबैध टेन्टको कपडा प्रहरीद्वारा बरामद

*साझेदारी संवाददाता*
*कलैया, २४ साउन*

बारा प्रहरीले अबैध टेन्टको कपडा बरामद गरेको छ । ईलाका प्रहरी कार्यालय अमलेखगंजबाट खटिएको प्रहरी टोलीले जिल्लाको जीतपुरसिमरा उप-महानगरपालिका वडा नम्बर २१ अमलेखगंज चोक स्थितमा वीरगंजबाट नारायणगढ तर्फ जादै गरेको ना ५ ख २१४८ नम्बरको यात्रुबाहक बसलाई रोकी चेकजाँच गर्ने क्रममा अबैध टेन्टको कपडा बरामद गरेको हो।


*बारा प्रहरीद्धारा जारी विज्ञप्ती ।* *तस्वीरः साझेदारी*

सो अबैध टेन्टको कपडाको स्रोत खुलाउन नसकेको अन्दाजी मुल्य रू. १ लाख ११ हजार ४ सय रूपैया बराबरको रहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ। उक्त अवैध टेन्टको कपडालाई नियन्त्रणमा लिई आवश्यक करवाहीको लागी आन्तरिक राजश्व कार्यालय पथलैया बारामा पठाईएको प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले बिहीबार एक प्रेस विज्ञप्ति जारी गर्दै यस बारे जानकारी दिएका हुन ।

# "हवाई सुरक्षा अभिवृद्धिका लागि सरकार गम्भीर"

*काठमाडौँ, २४ साउन*

पर्यटन, संस्कृति तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नेपालको हवाई सुरक्षा अभिवृद्धिका लागि सरकार गम्भीर रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभा, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको आजको बैठकमा उहाँले पछिल्लो समय नेपाली आकाशमा भएका हवाई दुर्घटनाले मन्त्रालयलाई गम्भीर बनाएको बताउनुभयो । आफूसहित नेपाल नागरिक उड्डयन प्राधिकरणका उच्च अधिकारीले आज दुर्घटनास्थलको अवलोकन गरेको जानकारी दिँदै उहाँले मौसम अनुकुल नभएर पुनः काठमाडौँ फर्कन खोज्दा दुर्घटना भएको हुनसक्ने अनुमान गरिएको बताउनुभयो ।

दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन सरकारले बुधबार नै नेपाली सेनाका वरिष्ठ क्याप्टेन सुवास थापाको संयोजकत्वमा तीन सदस्यीय दुर्घटना

बाक्की तेस्रो पृष्ठमा


## कलैया उपमहानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
मधेश प्रदेश, बारा, कलैया

## आन्तरिक आय ठेक्का लगाउने बारेको सूचना

*प्रकाशित गरिएको सूचना मितिः २०८१।०४।२५ गते*

यस उपमहानगरपालिकाले गत विगत वर्षहरुमा आय संकलनको लागि ठेक्का लगाउँदै आए अनुसार देहायका शिर्षकहरुमा ठेक्काबाट कर शिर्षकमा उठाउन को लागि ठेक्का बन्दोबस्त गर्नुपरेकोले तपशिलको शर्तहरुको अधिनमा रहने गरी इच्छुक फर्म वा कम्पनीहरुले ७ दिन भित्र बोलपत्र खरिद गर्न यो सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

| ठेक्का नं. | ठेक्का शिर्षक | ठेक्का अवधि | व्यूनतम अंक रु. | वर्ष | बोलपत्र फाराम दस्तुर रु. | दिन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३/०८०।० ८१ | कलैया–७ को माछा पोखरी | .०८१।०८२ देखि ०८५।०८६ सम्म | २८३५०००। | ५ | ३०००। | ७ दिने | पाचौ पटक |
| ३७/०८०। ०८१ | कलैया–३ को माछा पोखरी | .०८१।०८२ देखि ०८५।०८६ सम्म | १३५२२५ | ५ | १०००। | ७ दिने | चौथौ पटक |

**अन्य शर्तहरु**

१) बोलपत्रदाताले खामको बाहिरपटी ठेक्काको नम्बर, नाम र कलैया उ.म.न.पा., बारा भनी प्रष्ट लेख्नुपर्नेछ ।
२) बोलपत्र फाराम यस कार्यालयबाट माथी उल्लेख भए बमोजिम पछि फिर्ता नहुने गरी मूल्य तिरी यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समयमा खरिद गर्न सकिनेछ ।
३) बोलपत्र दाखिला गर्ने फर्मले स्थायी लेखा नम्बरको प्रमाण पत्र र आ.ब. ०७९।०८० को कर चुक्ता पत्रहरुको प्रमाणित प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।
४) सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्ममा खरिद गरी ८ औं दिनमा दिनको १२:०० बजे भित्र कलैया उपमहानगरपालिका, बारामा शिलबन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिने छ। उक्त दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ। बोलपत्र खोलिने मिति र समयमा बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५) यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
६) मुल्य अभिवृद्धि कर लगायतका करहरु ठेक्दार स्वयमले तिर्नु पर्नेछ ।
७) अगामी किस्ता रकम वापत बैक ग्यारेन्टी वा नगद जम्मा गर्नु पर्नेछ ।
८) पोखरीहरुको हकमा पोखरी मर्मत गर्नु परेमा ठेक्कदार स्वयम मर्मत गर्नुपर्ने छ ।
९) वोलपत्रको साथ आफुले कबोल गरेको ५ (पाच) प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको रा.बा.बैक कलैया शाखामा रहेको खाता नं.१२६०१००३०३००००४ धरौटी खातामा जम्म गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैकंवाट मान्यता प्राप्त बैकंले यस कार्यालयको नाममा जारी गरेको ९० दिन म्याद भएको विड बन्डको सक्कलै प्रति संलग्न गर्नु पर्नेछ ।
१०) बैंकको धरौटी खातांमा धरौटी रकम जम्मा गर्दा फर्मको नामले जम्मा गर्नु पर्नेछ (छाप सहित)
११) ठेक्का सम्बन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयको कर शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

*प्रमुख प्रशासकीय अधिकृत*


# एसइईमा कम्तीमा ७० प्रतिशत उत्तीर्ण हुने गरी काम गर्न प्रधानमन्त्रीको निर्देशन

*काठमाडौँ, २४ साउन*

प्रधानमन्त्री केपी शर्मा ओलीले जीवनोपयोगी र स्तरीय शिक्षाको सुनिश्चित हुने गरी ठोस कार्ययोजना ल्याउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देश गर्नुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज शिक्षा क्षेत्रमा देखिएका समस्या, समाधानका उपाय र आगामी एक सय दिनभित्र गर्न सकिने ठोस कामका सन्दर्भमा निर्देशन दिँदै उहाँले शिक्षामा प्राविधिक धारको हिस्सा ७० प्रतिशत हुनुपर्ने उल्लेख गर्नुभयो ।



"जति पढे पनि कुनै क्षेत्रमा काम गर्ने सीप छैन भने त्यस्तो जनशक्ति प्रयोगबिहीन हुन्छ भने रोजगारी पनि नपाउने सम्भावना हुन्छ, त्यसैले सीपमुलक जनशक्ति उत्पादनमा ध्यान दिन म निर्देशन दिन्छु", उहाँले भन्नुभयो, "उच्च आचरणयुक्त जनशक्ति तयार गर्न आवश्यक भएकाले सोहीअनुसार नीति निर्माण र कार्यान्वयन गर्नुहोस् ।" वर्तमान सन्दर्भमा मुलुकमा समाज बनाउने खालको जनशक्ति उत्पादन गर्ने शिक्षा आवश्यक भएको उहाँको भनाइ थियो ।

प्रधानमन्त्रीले विद्यालय तहमा भर्नादर बढाउने, 'ड्रपआउट' घटाउने र शिक्षाको गुणस्तर बढाउने गरी काम गर्न आवश्यक भएको उल्लेख गर्दै आगामी वर्षको एसइईमा कम्तीमा ७० प्रतिशत विद्यार्थी उत्तीर्ण हुने गरी काम गर्न निर्देशन दिनुभयो । "एसइईमा कम्तीमा पनि ७० प्रतिशत विद्यार्थी गर्ने लक्ष्य निर्धारण गरी काम गर्नुहोस्, यसका लागि स्मार्ट शिक्षक छनोट, निःशुल्क इन्टरनेट र अनलाइन कक्षा सञ्चालनको तयारी गर्नुहोस्", उहाँले भन्नुभयो ।

उहाँले त्रिभुवन विश्वविद्यालयमा हालै सम्पन्न सिनेट बैठकमा तत्काल जरुरी भएको ग्रेस लिस्ट र बजेट पारित गर्न पदाधिकारीहरुसँगको गृहकार्यका आधारमा आफूले सहमति दिएको उल्लेख गर्नुभयो । विश्वविद्यालयको कुलपतिका हैसियतमा आफूलाई नीति तथा कार्यक्रम अघिल्लो दिन मात्रै उपलब्ध गराइएकाले अध्ययन गर्न नभ्याइएको र नीति तथा कार्यक्रमसम्बन्धी सिनेटको अर्को बैठक पदाधिकारीहरुकै सहमतिमा चाँडै बस्ने समेत उहाँले जानकारी दिनुभयो ।

प्रधानमन्त्री ओलीले विज्ञान र प्रविधिलाई उच्चतम प्रयोगमा जोड दिन आवश्यक रहेको उल्लेख गर्दै यससम्बन्धी ठोस कार्यक्रम बनाउन पनि निर्देशन दिनुभयो । "नागरिकको स्वास्थ्यको सुरक्षा, शुद्धता परीक्षण र प्रमाणिकरण गर्ने, निरोगी नेपालको अवधारणालाई सहयोग गर्ने, गरिबी घटाउने, कृषि र उद्योगका क्षेत्रमा विज्ञान र प्रविधिको प्रयोग बढाउने गरी काम गर्ने गरी ठोस कार्यक्रम बनाएर अघि बढ्नुहोस", उहाँले भन्नुभयो ।

त्यसअवसरमा उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई, नेपाल सरकारका मुख्यसचिव लिलादेवी गड्तौला र सचिवद्वय डा दीपक काफ्ले र विश्वबाबु पुडासैनीलगायतका पदाधिकारीहरु हुनुहुन्थ्यो । रासस


जन्म दर्ता, मृत्यु दर्ता, बसाईसराई लगायत घटना दर्ताहरु समयमै गर्ने गरौं ।
सुवर्ण, प्रसौनी, देवताल, फेटा, करैयामाई र आदर्शकोतवाल गाउपालिकाको कार्यालय,बाराषारा जनहितमा जारी सन्देश